# तिलोत्तमा नगरपालिका

# वातावरण शाखा




गिरीराज डुम्रे
इन्जिनियर

# विपद व्यवस्थापन सम्बन्धी

- नगरपालिकाको लागि दमकल खरीद गरी संचालनमा ल्याईएको ।
- एम्बुलेन्स सेवा संचालनमा ल्याईएको ।
- सानिसा अवधारणामा फोहोरमैला व्यवस्थापन गर्ने गरीएको ।
- विपद व्यवस्थापन कोषको स्थापना गरीएको ।

# दमकल सम्बन्धी

- आगलागिको समस्यावाट क्षती न्यून गर्न यसै आ. व.मा रु. ५९,५०,०००।- मा दमकल खरीद गरीएको ।
- दमकल संचालन कार्यविधि तयार गरी संचालनमा ल्याइएको ।

# फोहोर व्यवस्थापनमा भएको लगानी विवरण

वातावरणिय सुन्दर नेपाल प्रा. लि. लाई मासिक रुपमा भुक्तानी गर्ने गरीएको रु. १२५०००।-

घरघरबाट संकलन हुने रकम प्रति घरधुरी प्रतिमहिना रु. ७५।-

नगरपालिका लाई फिर्ता हुने रकम संकलन भएको रकमको ५ प्रतिशत

- आनन्दवन शंकरनगर खानेपानी तथा सरसफाई संस्थासंगको सहकार्यमा ११००० थान डस्टविन वितरण गरीएको ।
- तिलोत्तमा व्यापार संघ संगको सहकार्यमा प्लाष्टिक निषेधित अभियानमा सहयोग पुर्‍याउने हेतुले फाइवरको झोला वितरण गरीएको ।

# फोहोरको अवस्था






F.C.Barcelona


EICHER
JAYCEE
Cook Training
Basic Cooking
Indian Tandoori Special Cooking
Advance Cooking
Chinese Cooking
Continental Cooking

# फोहोर व्यवस्थापन कार्य शुभारम्भ :

तिलोत्तमा नगरपालिका र वातावरणीय सून्दर नेपाल प्रा.ली.बुटवल बीच मिति २०७४।०४।०७ गते संझौता सम्पन्न भई ५ बर्षका लागी तिलोत्तमा न.पा.को वडा नं. १ देखि ६ सम्मको फोहर व्यवस्थापन तथा सरसफाई कार्य सार्वजनिक निजी साझेदारी अवधारणमा शुल्कमा आधारित फोहर व्यवस्थापन गरिदै आइएको छ ।

# फोहोरको विवरण

- दैनिक फोहर उत्पादन करिव २५ टन
- जैविक ७० प्रतिसत
- अजैविक ३० प्रतिसत
- नियमित फोहर संकलन : वडा नं. १ देखि ९ तथा १५ र १६ सम्म





# प्रयोगमा ल्याईएका सवारी साधन विवरण

१ टिप्पर ३ (१ थान न.पा. बाट)

२. ट्याक्टर २

३. जनशक्ति ३५ जना

(व्यवस्थापक २,सुपरभाईजर १, ड्राईवर ५, कामदार १५, सामाजिक परिचालक १२)



# फोहर संकलन प्रणाली

१. घर / घर साथै पेसा व्यवसायबाट

२. विभिन्न अभियानहरुमा सार्वजनिक क्षेत्र (सडक, चोक, नहर, कुलला, मठ मन्दिर लगायतबाट)

३. मृत पशु चौपाया व्यवस्थापन

४. आवश्यकता अनुसार अन्य स्थानहरुाट समेत

# फोहरको अन्तिम व्यवस्थापन स्थल




# स्रोतमै फोहर छुट्याउने




नेपाल सरकार
सहरी विकास मन्त्रालय
फोहरमैला व्यवस्थापन प्रा.स.केन्द्र
कुहिने फोहर
नकुहिने फोहर
सिसा,धातुजन्य फोहर

# फोहर व्यवस्थापन प्रणाली

## १. परम्परागत फोहर व्यवस्थापन प्रणाली




मुलुकका प्राय सबै नगरपालिकाहरुले यही प्रणाली अवलम्बन गर्ने गरेका छन् ।

# परम्परागत फोहर व्यवस्थापनका मुख्य समस्याहरु

**जन-स्वास्थ्य जोखिम**

- ४० थरी भन्दा बढी रोगको संभावना

**ल्याण्डफिल ग्यास**

- मिथेन ग्यास(GHG तथा आगलागीको समस्या
- दुर्गन्ध



**लिचेड**


- सतह पानी तथा भूमिगत पानी प्रदूषणको उच्च जोखिम
- दुर्गन्ध

**फोहरजन्य स्रोतको दुरुपयोग**

- राजश्व गुमिरहेको अवस्था
- रोजगारी गुमिरहेको अवस्था

# फोहर व्यवस्थापन प्रणाली


## २. आधुनिक फोहर व्यवस्थापन प्रणाली




आर्थिक रुपले विपन्न र प्रति एकाई फोहर उत्पादन दर कम भएका मुलुकहरुका लागि उच्च प्रविधियुक्त प्रणाली भन्दा वातावरणमैत्री कम्पोष्टिङ्ग प्रणाली उपयुक्त हुन्छ ।

फोहर व्यवस्थापन प्रणाली

# ३. 3R पद्दति



# फोहरमैला व्यवस्थापनकामुख्य मुख्य, सुत्रहरु (3 R)

- फोहोर लाई श्रोतमै न्युनिकरण गर्ने । (Reduce)
- फोहोर लाई श्रोतमै वर्गिकरण गर्ने । (Separation)
- फोहोर लाई पुनः प्रयोग गर्ने । (Re-Use)
- फोहोर लाई पुनः निर्माण गर्ने । (Recycle)
- जैविक फोहोर बाट कम्पोष्ट बनाउने । (Composting)
- फोहोर लाई समुहले तोकेको स्थानमा राखी दिने (Right Place, Time)







# फोहर व्यवस्थापन तथा सरसफाई कार्यक्रमका झलकहरु










# फोहर मैला व्यवस्थापनका असल प्रयासहरु

- सानिसा अवधारणामा तिलोतमा वडा नं. १ देखी ६ सम्म फोहर मैला व्यवस्थापन ।
- वडा नं. ७,८,९ को फोहोर वडा नं. ८ को करहिया सामुदायीक वन क्षेत्रमा अस्थायी स्थल निर्माण गरी समुदायवाटै व्यवस्थापन गर्ने गरीएको ।
- वडा नं. १५ र १६ को वडा नं. १५ मा अस्थायी स्थल निर्माण गरी समुदायवाटै व्यवस्थापन गर्ने गरीएको ।
- तिलोतमा नगरलाई प्लाष्टिक झोला र गिलास निषेधित क्षेत्र घोषणा गरिएको ।
- महिनामा २ पटक बृहत सरसफाई कार्यक्रम संचालन गरिएको ।

# फोहर मैला व्यवस्थापनका असल प्रयासहरु

- फोहर मैला नियमित संचालन नगरिएका अन्य वडाहरुमा सरसफाई कार्यक्रम संचालन गरिएको ।
- फोहर मैला व्यवस्थापन वापत नगरपालिका मा आम्दानी समेत भएको

# फोहर व्यवस्थापनका चुनौती

- फोहरको अन्तिम व्यवस्थापन स्थान नहुने (ल्याण्डफिल)
- अस्थाई रुपमा व्यवस्थापन गरिदै आएको (वेला वेलामा समुदायवाट बिरोध)
- खाल्डो खन्न र पुर्ने काममा नगरको ठूलो लगानी भएको ।
- खुल्ला सिमानाका कारण छाडा चौपाया व्यवस्थापनमा कमी ।
- फोहरको श्रोतमा बर्गिकरण गर्ने प्रयास गरिएता पनी अन्तिम व्यवस्थापन गर्ने स्थानमा कम्पोष्ट मल बनाउने उचित स्थाई जमिन नभएकाले प्रभावकारी नभएको ।

# कार्यक्रमका झलकहरु











# तिलोत्तमा न.पा.को फोहर व्यवस्थापन,वातावरण संरक्षण तथा सरसफाईका केहि झलक



निर्देशिका ल्याउने तयारीमा तिलोत्तमा नगरपालिका

## फोहोर कम गर्ने बानीको विकास गर्न नगरबासीलाई आग्रह

तिलोत्तमा, वैशाख २९ । तिलोत्तमा नगरपालिकाका प्रमुख बासुदेव घिमिरेले तिलोत्तमा नगरपालिकाले सार्वजनिक महत्वका कार्यक्रम सञ्चालन निर्देशिका ल्याउन थालेको जानकारी दिएका छन् । सरकारी, गैर-सरकारी, सामाजिक, संघ-संस्था र क्लबलगायतले आयोजना गर्ने कार्यक्रमहरूलाई उपलब्धिमूलक, मितव्ययी र छिटो-छरितो बनाउन यस्तो निर्देशिका ल्याउन थालिएको उनले बताए ।

शनिबार तिलोत्तमा-८, चार नम्बरमा जनसहभागिता बास स्वास्थ्य सहकारी संस्था लिमिटेडको साधारणसभालाई सम्बोधन गर्दै नगर प्रमुख घिमिरेले अब कार्यक्रम सञ्चालन गर्ने विधि र प्रक्रियालाई समय सापेक्ष परिवर्तन गर्नुपर्नेमा जोड दिए । सार्वजनिक महत्वका कार्यक्रमलाई उपलब्धीमुलक, मितव्ययी रछिटो-छरितो बनाउन अवलम्बन गरिनुपर्ने विषयका सन्दर्भमा सुझाव दिन उनले सम्बद्ध सबैलाई आग्रह गरे ।

कार्यक्रम समयमै सुरू नहुने, अतिथि-वक्ताहरू बढी हुने, विषय केन्द्रीतभन्दा बाहिर भाषण हुने जस्ता धेरै समस्या विद्यमान रहेकाले नगरपालिकाले त्यसमा सुधार ल्याउन निर्देशिका ल्याउन थालेको उनले बताए । फरक प्रसंगमा नगर प्रमुख घिमिरेले फोहोर कम गर्ने बानीको विकास गर्न सके फोहोरमैलाको व्यवस्थापन सहज हुने उल्लेख गर्दै प्लाष्टिकको झोला निषेध अभियानलाई सबै मिलेर सफल बनाउनुपर्नेमा जोड दिए ।

फोहोरमैला व्यवस्थापनमा सहकारीले नगरपालिकासँग गर्न थालेको सहकार्य सफल हुने विश्वास व्यक्त गर्दै नगर प्रमुख घिमिरेले सहकारीमा सकेसम्म धेरै नगरबासीलाई समेट्न नेतृत्वलाई सुझाव दिए । यस्तै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले फोहोर कम गर्ने तथा सड्ने र नसड्नेमा वर्गीकरण गर्ने हो भने फोहोरको व्यवस्थापन सहज हुने उल्लेख गरे ।

त्यसअवसरमा डा.मुरारी पराजुलीले तिलोत्तमा नगरपालिकाभित्र निष्कासन हुने फोहोरको व्यवसायिक व्यवस्थापनका सन्दर्भमा अवधारणापत्र प्रस्तुत गरेका थिए । अवधारणापत्रमा फोहोरको व्यवसायिक व्यवस्थापनले फोहोरको उचित व्यवस्थापन हुने मात्र नभई फोहोरभित्र मोहोर प्राप्त हुने उल्लेख छ । फोहोर खेर फाल्ने वा निष्प्रयोजन डम्पिङसाइटमा फाल्ने बस्तु नभएर आम्दानीको निकै राम्रो स्रोत रहेको अवधारणापत्रमा उल्लेख गरिएको छ ।

कार्यक्रममा सहकारीका अध्यक्ष खेमप्रसाद गौतमले नगरपालिकाको सहयोग र स्थानीय बासिन्दाको सक्रियत फोहोरको वैज्ञानिक व्यवस्थाप गर्न सकिने बताए । उनले फोहोरलाई मोहोरमा बदल्न सकिन्छ भन्ने कुराको उदाहरण सहकारीले देखाउन चाहेको उल्लेख गरे । साधारणसभा उद्घाटन सत्रम क्रिमसन अस्पतालका अध्यक्ष लक्ष्मण ज्ञवाली र उद्योगी देवानन्द पाण्डेलगाय फोहोरमैला व्यवस्थापनका सन्दर्भमा आ-आफ्ना सुझाव राखेका थिए । कार्यक्रम संस्थाका सचिव हेमन्त पाण्डे सञ्चालनमा भएको हो ।



# घर बनाउदा वा निर्माण कार्यवाट निस्कासन भएका फोहर



# कार्यत्रक्रमको झलकहरु ......

## तिलोत्तमालाई प्लाष्टिक झोला निषेधित बनाउन अभियान थालिने

# सहयोग पुर्‍याउने सरोकारवालाहरुको प्रतिबद्धता

तिलोत्तमा, चैत २५ । रूपन्देहीको तिलोत्तमालाई प्लाष्टिक झोला निषेधित नगरपालिका बनाउन अभियान थालिने भएको छ । शनिबार मणिग्राममा सम्पन्न सरोकारवालाहरूको बैठकले आउँदो वैशाख १ गतेबाट अभियान थाल्ने निर्णय गरेको हो । बैठकमा जनप्रतिनिधिहरू, एमवासिसीका सदस्यहरूका साथै विभिन्न व्यवसायिक संघ-संस्था, खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, वन, शिक्षण संस्था र सहकारीलगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । प्लाष्टिक झोला निषेधित अभियान सञ्चालन समितिका संयोजक केशवराज न्यौपानेको अध्यक्षतामा बसेको बैठकले वैशाख १ गते बिहान ७ बजे नयाँमिल चोकमा प्लाष्टिक झोला निषेधित अभियान घोषणासभा आयोजना गर्ने निर्णय गरेको छ । सो घोषणासभामा अभियान सञ्चालनको सन्देशक दिइनुका साथै प्लाष्टिक झोलाको विकल्पका बारेमा सम्बद्ध सबैलाई जानकारी गराइने संयोजक न्यौपानेले बताए । तिलोत्तमाले अभियानसँगै आवश्यक तयारी पूरा गरेर नगरलाई प्लाष्टिक झोला र प्लाष्टिक गिलास निषेधित क्षेत्र घोषणा गरिने जनाएको छ । बैठकमा नगर प्रमुख बासुदेव घिमिरेले प्लाष्टिक झोलाको प्रयोगबाट मानव स्वास्थ्य, वातावरण तथा सहरी सौन्दर्यमा प्रतिकूल प्रभाव परिरहेको



बताउँदै नगरपालिकाले ती झोलाको प्रयोग, आयात, निर्यात, वितरण गर्न नपाउने व्यवस्था गर्न थालेको जानकारी गराए । यस्तै प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले तिलोत्तमालाई प्लाष्टिक झोलामुक्त नगरपालिका बनाउने अभियान सुरु गर्न थालिएको बताउँदै यसमा सहयोग गर्न सबै नगरबासीलाई आग्रह गरे । खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ रूपन्देहीका अध्यक्ष ध्रुव घितालले प्लाष्टिक झोलामुक्त नगर बनाउने अभियान निकै सकारात्मक रहेको बताउँदै यो अभियानलाई सबैले सघाउनुपर्ने उल्लेख गरे ।

शान्ति नमूना माविका प्रधानाध्यापक कुलप्रसाद लामिछानेले नगरपालिकाले सुरू गर्न थालेको अभियान निकै राम्रो भएको बताउँदै अभियानको सन्देशलाई टोल-टोलमा पुर्‍याइनुपर्नेमा जोड दिए । तिलोत्तमा व्यापार संघका अध्यक्ष झविन्द्रप्रसाद कँडेल, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष गुणनिधी भण्डारी, घरेलु तथा साना उद्योग महासंघका कन्हैयालाल कसौधन र तिलोत्तमा व्यापार संगठनका दिनानाथ खनालगायले प्लाष्टिक झोलामुक्त अभियानसँगै त्यसको विकल्पका बारेमा पनि नगरबासीलाई जानकारी दिइनुपर्ने उल्लेख गरे । उनीहरूले प्लाष्टिक झोलामुक्त अभियानलाई आफूहरूले सहयोग गर्ने प्रतिबद्धता जनाए ।


त्यसअवसरमा विभिन्न वडाका वडाध्यक्षहरू, एमवासिसीका सुरेन्द्रकुमार बर्मा, खेमप्रसाद गौतम, शरद भट्टराई, राम गिरी, रमेश पाण्डेय, खेमप्रसाद तिवारी, ओमप्रकाश खरेल, कोपिला एसी, नगरपालिकाका प्रवक्ता सुरेन्द्र श्री, वातावरण शाखा प्रमुख गिरीराज ढुङ्गे र प्रेस सल्लाहकार बीपी गौतमलगायतले अभियान सञ्चालनका बारेमा आ-आफ्ना सुझाव राखेका थिए ।

यसैबीच तिलोत्तमा नगरपालिकाले प्लाष्टिक झोलाको विकल्पमा कपडाको झोला प्रयोग गर्न, घरबाट बाहिर निस्किँदा सामान बोक्नका लागि वैकल्पिक झोला बोकेर लैजान, खुला रूपमा बेचिने चिनी र तरकारीलगायतका सामान खरिदविक्री गर्दा कपडा वा अल्लोका झोला तथा बट्टा प्रयोग गर्न उपभोक्ता र व्यापारीलाई आग्रह गरेको छ । एक अध्ययन अनुसार नेपालमा एक दिनमा करिब ४५ लाख मानिसले सामान बोक्नका लागि प्लाष्टिकका झोला प्रयोग गर्ने गरेका छन् । प्लाष्टिकका झोलाले वातावरणीय प्रदूषण बढाएकाले यसको प्रयोगलाई हटाउने सरकारको नीति छ । बढी टिकाउ र वातावरणमैत्री कपडाको झोला वा वैकल्पिक साधनको प्रयोग बढाउने संघीय सरकारको नीतिलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन तिलोत्तमा नगरपालिकाले अभियान थालनी गर्न लागेको हो ।

# वातावरण तथा मानवीय स्वास्थ्यका हिसाबले प्लाष्टिक



डा. प्रकाश बुढाथोकी



गृहिणीको साथी, व्यापारीको सजिलोपना तथा निःशुल्क उपलब्धताले प्लाष्टिकका झोलाहरू दिन प्रतिदिन बढ्दो छन्। एकातिर दाम सस्तो, अर्कातिर सजिलो, चाहेजस्तो बनोट र आकारमा जहाँपनि पाइनेले गर्दा प्रयोगकर्ताहरू खुशी छन् तर वातावरणविद्हरू [illegible] कर्मीहरू भने चिन्तित छन्। ४ माईक्रोन भन्दा कम तौल भएका प्लाष्टिकका

झनै वातावरणलाई प्रदूषित बनाउँछ। गुणस्तरहीन २० माइक्रोनभन्दा माथिको मात्र पोलिथिनको झोला उत्पादन गाउँ, नगर, सहरमा भित्र्याउन दिने नियमन लागू गर्न गराउन नागरिक लगायत वातावरण पर्यावरण जोगाऔं भन्ने आवाज उठाउने संघसंस्थाहरूले सम्बन्धित निकायहरूलाई दबाब सिर्जना गर्नुपर्दछ।

विद्यालय, मठमन्दिर, अस्पताल, खेल मैदानदेखि लिएर राष्ट्रिय राजमार्ग यहाँसम्म कि सामुदायिक वन क्षेत्रलाई समेत फ्याँकिएका पोलिथिन झेलाले कुरूप बनाएको छ। यसलाई नियन्त्रण र व्यवस्थापन गर्ने निकाय कुन हो थाहा छैन। नगरसहरमा बनेका ढल नालीदेखि ग्रामीणक्षेत्रका खेतका कुलाहरूमा पोलिथिनका झोलाहरू अड्केर बस्ने गरेकोले फोहोर पानीको कारण दुर्गन्ध फैलनुको साथै घातक रोगहरूको वाहक परजीवीहरू, रोग निम्त्याउने लामखुट्टे, भुसुना, पानी उपियाँ र झिंगाहरूको प्रकोप बढेर विभिन्न रोगव्याधीको संक्रमण बढ्दो छ। वातारण सर्वत्र दूषित भएकै कारण के तराई के उच्च पहाडीक्षेत्र सर्वत्र सबै रोगको संक्रमण बढ्दै गएको छ।

**बनावट**

पेट्रोलको बाइप्रोडक्ट इथाइलिन नामक पोलिमर नै प्लाष्टिक बनाउँदा प्रयोग गरिने प्रमुख तत्व हो। इथाइलिन पोलिमर ४० प्रतिशत र अन्य ६० प्रतिशत डाइ,मोडीफायर-पिलेट, कम्प्याटिवीलीटी, फिलर, स्टावीलाइजर, एडीटीभ जस्ता वस्तुहरू मिसाएर प्लाष्टिक बनाइन्छ। बजारमा उपलब्ध कालो झोला उच्च घनत्व भएको इथीलिन हो भने कपडा बेर्न प्रयोग गरिने साधा प्लाष्टिक कम घनत्व भएको इथीलिनबाट बनाइएको प्लाष्टिक हो। बजारमा अहिले पुनः प्रयोग वा रिसाइकल गर्न नमिल्ने, बलियो ५.८ माइक्रोनका झोला उपलब्ध छन्।

**मानव मस्तिष्कका लागि घातक**

क्यानाडामा अफ्रिकी हरियो बाँदरमा गरिएको परीक्षण अनुसार प्लाष्टिकका भाडावर्तन बनाउन प्रयोग गरिने बी.पी.ए.- बिष्फेनोल ए नामक रसायन मानव मस्तिष्कलाई कमजोर पार्न जिम्मेवार रहेको वैज्ञानिक बताउँछन्। बी.पी.ए. ले सिकाइ र बुझाई क्रियालाई प्रभावित पार्छ। विचार,क्रिया र भावमा समन्वय नरहने मानसिक रोगहरू सिजोफ्रेनिया,अल्जिमरस तथा डिप्रेशनको कारक हुन सक्छ।

प्लाष्टिकको बोतलमा राखिएको पानी पिउँदा,भाडा वर्तनमा राखिएका खाना खाँदा उक्त रसायन मानव शरीरभित्र प्रवेश गर्दछ। बुझाइ र स्मरणशक्तिका लागि महत्वपूर्ण मानिने मस्तिष्क र न्युरोन बीचको नियमित सञ्चारक्रियालाई अवरुद्ध [illegible]

यसका अतिरिक्त श्वास प्रश्वासमा अवरोध, ज्वरो, पेटमा भएका बच्चाहरू विकलाङ्ग हुने र जन्मिने हुन,सक्दछ। पोलिथिनको झोला,डब्बा,कपमा कुनै पनि किसिमका तातो, गिलो वा चिपचिप लाग्ने खाद्य वस्तु राख्नु नै हुँदैन सेवन पनि गर्नुहुँदैन जस्ले मानव स्वास्थ्यमा झनै धेरै गुणा हानि गर्दछ।डिस्पोजेवल कप भन्दै त्यसमा खाइने चिया र कफी जस्ता ताता पेयपदार्थले झनै स्वास्थ्यलाई नकारात्मक असर पारी दिन दुई गुणा रात ४ गुणाका दरले विषाक्त बनाइरहेको छ। एकातर्फ डाइअक्सिजन जस्ता घातक पदार्थद्वारा उक्त वस्तु बन्दछन् भने अर्कोतर्फ अखाद्य विषालु रंग सस्तो पर्ने भएकोले तीनको प्रयोग भएका हुन्छन्। झोला जलाउँदा निस्कने हानिकारक ग्यास,जेनतेन माटोमा लामो समयपछि गलेका पोलिथिन तत्वले खाद्य वस्तु उत्पादनमा पार्ने असर, गाईवस्तुले खाँदा पाचनप्रक्रिया रोकिने तथा दूध खाँदा मानिसमा जाने तथा वातावरणमा पार्ने असरले मानव स्वास्थ्यमा गम्भीर हानि पुऱ्याइरहेको छ। प्लाटिकजन्य भाडाकुडा, खेलौना, फर्निचर, झोला आदिको सम्पर्कमा आउँदा त्यसमा राखिएको खाना खाँदा शरीरमा पुगी स्वास्थ्यमा असर पार्दछ। लामोसमयसम्म प्लाष्टिकमा राखेको खानाले पेट दुख्ने, एलर्जी हुने, टाउको दुख्ने, विभिन्न रोग निम्त्याउने तथा थुप्रै क्यान्सर लगाउँछ। संयुक्त राष्ट्र संघको एक अध्ययन अनुसार प्लाष्टिकको प्रयोगले विश्वमा वर्षेनी १ लाख भन्दा बढी जलचरको मृत्यु हुनेगर्दछ।

**न्यूनीकरण**

जटिलतालाई मध्यनजर राखी ढाकामा बन्द गरिएको छ. दिल्लीमा बन्द गर्ने शुरुवातमा छन्, चीनमा बन्द गर्ने शुरुवातकै क्रममा निःशुल्क पाइँदैन तर नेपालमा कुरै उठेको छैन। यद्दपि स्थानीय स्तरमा ललितपुरमा जनचेतना र पोखरा उपमहानगरपालिकामा प्रतिबन्ध गरेको देखिन्छ। एकदशक पहिले 'वातावरण जोगाऔं पर्यावरण बचाऔं' भन्ने नाराका साथ कतिपय नगरपालिका र त्यस अन्तरगतका संघसंस्थाहरूले 'पोलिथिनको झोला–भोलि के होला' भन्ने चिन्ता र नाराको साथ यसको प्रयोगको विरूद्धमा कम्मर नकसेका होइनन्। उपत्यका क्षेत्र लगायत हेटौडा, पूर्वका इलाम, पश्चिमको महेन्द्रनगर, मोफसलको राजधानी कहलिएको रूपन्देहीको बुटवल लगायतका नगरपालिकाले पोलिथिन निषेधित क्षेत्र घोषण गर्ने प्रयास नगरेका होइनन् तर प्रयोगमा न्यूनीकरण हुनसकेको पाइँदैन।प्लाष्टिकको झोलाको कारण सर्वत्र समस्या उब्जिएकै कारण 'वातावरण जोगाऔं,पर्यावरण बचाऔं नारा लगाउदै हातखुट्टा बजार्ने गैरसरकारी संस्थाहरू अहिले सबैचूप छन्। सायद विदेशीहरूले डलर पठाउन छाडे कि क्या हो ?

प्लास्टिक बन्द गर्नु नै सर्वोत्तम भएपनि उक्त कार्यको लागि परेको बानी छुटाइ बन्द गर्नेतिर बाटो खुलाउन प्रयोगमा न्यूनीकरण तथा उचित व्यवस्थापन गर्नु गराउन जरुरी छ। २० माइक्रोनभन्दा पातलो झोला प्रयोग नगर्ने जुन पुनः प्रशोधन गर्न मिल्दैन। प्रशोधनशाला बनाइनु पर्दछ। जम्मा गर्न सुइरो कार्यक्रम सञ्चालन गर्नु पर्दछ।जनचेतना तथा स्वास्थ्य शिक्षा प्रदान गरिनु पर्दछ। प्लाष्टिक सशुल्क उपलब्ध गराउनु पर्दछ। बजार किनमेल गर्न जाँदा जुटको वा अन्य झोला घरबाटै लग्ने गर्नुपर्छ। सरकारबाट अनुगमन [illegible]

# प्लाष्टिक झोला निषेधका लागि गरिएका प्रयासहरु












नीति तथा कार्यक्रममा आएका नीतिहरु अहिलेसम्म संसोधन नहुँदा बजेटको उद्देश्य पुरा हुन सकेको छैन । बजेटको मध्यवधी

समिक्षामा विकास निर्माण क्षेत्रमा ... पूजीगत बजेट ६ महिनामा जम्मा १४ अर्ब खर्च भएको उल्लेख छ भने बजेटले

# प्लाष्टिक व्यवसायीको विरोध

नेपाल प्लाष्टिक उत्पादक संघले प्लाष्टिक झोला प्रतिवन्धविरुद्ध राजधानीमा विरोध र्‍यालीको आयोजना गरेको छ। शुक्रवार भृकुटीमण्डपबाट सुरु भएको शान्तिपूर्ण विरोध



र्‍याली शहिदगेट, न्यूरोड, असन इन्द्रचोक हुँदै रत्नपार्कको शान्तिवाटिका पुगेर सभामा परिणत भएको थियो । विरोधर्‍यालीप्रति नेपाल उद्योग वाणिज्य महासंघले पनि ऐक्यवद्धता जनाएको थियो र्‍याली महासंघका कार्यवाहक अध्यक्षलगायतका पदाधिकारी, मजदुरका साथै अन्य व्यवसायिक संघ संस्थाको पनि सहभागिता रहेको नेपाल प्लाष्टिक उत्पादक संघका अध्यक्ष शरद शर्माले वताएका छन ।

त्यस क्षेत्रका मजदुर तथा व्यवसायी गरी करिव पाँच हजारको उपस्थिति रहेको उनले जानकारी दिए । अध्यक्ष शर्माले भने-प्लाष्टिक व्यवसायीमात्र नभइ सर्वसाधारण उपभोक्तालेसमेत रयालीप्रति ऐक्यवद्धता जनाएका छन्, यसले हामीलाई उत्साहित बनाएको छ । निर्णयमा पुनर्विचारका लागि सरकारलाई दवाव बढेको छ । उनले उचित विकल्पविना प्लाष्टिक झोला प्रतिवन्ध गर्नु नहुने भन्दै यसको उचित व्यवस्थामा जोड ... सरकारले उद्योगलाई क्षतिपूर्ति ... झोला बन्द गरे ... बन्द रहेक

# विज्ञप्ती

कान्तिपुर २०६२-९-१०

सरकारले काठमाडौं उपत्यकालाई प्लाष्टिक झोलामुक्त क्षेत्र घोषणा गरेकोमा प्लाष्ट नेपाल फाउण्डेशनको गम्भिर ध्यानाकर्षण भएको छ । पर्याप्त अध्ययन र वास्तविक तथ्यहरूलाई बेवास्ता गर्दै यो निर्णय गरेको देखिन्छ ।

वर्तमान युगमा प्लाष्टिक झोलाको कुनै मितव्ययी तथा व्यवहारिक विकल्प छैन । प्लाष्टिक झोलाले आम मानिसको दैनिकी सरल र सहज बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । प्लाष्टिकका झोलाका विभिन्न उपयोग मध्ये दैनिक उपभोग्य वस्तु (ठोस वा तरल) ओसार पसार गर्न, घरायसी फोहोर संकलन र व्यवस्थापन गर्न यसको प्रयोग अनिवार्य रहेको छ । प्लाष्टिक झोलाको प्रयोग विश्वका धेरै मुलुकहरूमा व्यापक रूपमा भइरहेको र ती मुलुकहरूमा सरकारले प्लाष्टिकको उचित व्यवस्थापन गरेका कारण कुनै समस्या रहेको देखिँदैन ।

अत: प्लाष्टिक झोलाको प्रयोग आफैमा समस्या नभई यसको उचित व्यवस्थापनमा समस्या देखिन आएकोले यसको प्रयोगमा प्रतिबन्ध लगाउनुको सट्टा यसको पुन:प्रयोग, पुन:उत्पादन र उचित व्यवस्थापन आवश्यक देखिन्छ । यस कार्यका लागि सरकारसँग सहकार्य गरी अघि बढ्न प्लाष्ट नेपाल फाउण्डेशन र प्लाष्टिक उद्यमीहरु सदैव तयार रहेको जानकारी गराउँदै नियमसंगत रुपमा संचालनमा रहेका उद्योगहरु बन्द गर्ने सरकारको निर्णयलाई पुन:विचार गर्न आग्रह गर्दै प्लाष्टिक झोलाको पुन:प्रयोग, पुन:उत्पादन र प्रशोधनको उचित व्यवस्था मिलाउनका लागि प्लाष्ट नेपाल फाउण्डेसन आग्रह गर्दछ ।

# मृत पशु चौपायको व्यवस्थापन





# समिक्षा



## फोहर व्यवस्थापनका प्रमुख चुनौतीहरु

- फोहरलाई स्रोतकोरुपमा नहेरिनु
- धेरै खर्च, कम प्रभावकारिता
- एकिकृत फोहर व्यवस्थापन प्रणाली नहुनु
- जैविक मलको वजार व्यवस्थापन

## संभावनाहरु

- घरेलु स्तरमै फोहरको बर्गीकरण र न्यूनिकरण
- समुदाय र निजि क्षेत्रको सहभागितामा प्रभावकारी फोहर संकलन
- घरेलु, समुदाय वा नगर स्तरमा फोहर पुनः प्रयोग र कम्पोष्ट उत्पादन
- पुनः प्रयोग गर्न नसकिने फोहरलाई ल्याण्डफिल






प्लास्टिकझोला निषेधितक्षेत्र
Plastic Bags Prohibited Area



# धन्यवाद

